# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५८) काठमाडौं, साउन ८ गते २०६५ साल (अतिरिक्ताङ्क १७

## भाग ४

### संविधानसभा सचिवालयको सूचना

#### "संविधानसभा बैठकको अन्तरिम (पहिलो संशोधन) कार्यविधि, २०६५

सविधानसभा बैठकको अन्तरिम कार्यविधि, २०६५ मा संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ७८ बमोजिम संविधानसभाले देहायको कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "संविधानसभा बैठकको अन्तरिम (पहिलो संशोधन) कार्यविधि, २०६५" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. संविधानसभा बैठकको अन्तरिम कार्यविधि, २०६५ को दफा ६ मा संशोधनः संविधानसभा बैठकको अन्तरिम कार्यविधि, २०६५ को दफा ६ को,–

(१) उपदफा (१) पछि देहायका उपदफा (१क), (१ख) र (१ग) थपिएका छन :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(१क) उपदफा (१) बमोजिम प्रकाशित कार्यक्रममा निर्धारित समयभित्र संविधानको धारा ७१ को उपधारा १ बमोजिम अध्यक्षको निर्वाचनमा राजनैतिक सहमति कायम भएकोमा त्यस्तो सहमतिको निस्सा सहितको प्रस्ताव कुनै पनि सदस्यले अर्को एकजना सदस्यको समर्थन सहित अध्यक्षलाई दिनुपर्नेछ ।

(१ख) उपदफा (१क) बमोजिमको प्रस्ताव प्राप्त हुन आएमा अध्यक्षले त्यस्तो प्रस्तावलाई अध्यक्षको निर्वाचनको लागि निर्धारित बैठकमा प्रस्तुत गर्न प्रस्तावक सदस्यलाई अनुमति दिनेछ ।

(१ग) बैठकको प्रारम्भमा प्रस्तावक सदस्यले बैठकमा प्रस्ताव प्रस्तुत गरेपछि समर्थक सदस्यले समर्थन गर्नेछ । समर्थक सदस्यले बोली सकेपछि अध्यक्षले प्रस्तावित सदस्य राजनैतिक सहमतिको आधारमा संविधानसभाको अध्यक्ष पदमा निर्वाचित भएको घोषणा गर्नेछ ।"

(२) उपदफा (२) मा रहेका "अध्यक्षको निर्वाचनको लागि तोकिएको दिनको" भन्ने शब्दहरूको सट्टा "उपदफा (१क) बमोजिम राजनैतिक सहमतिको आधारमा अध्यक्षको निर्वाचन हुन नसकेमा उपदफा (१) बमोजिम प्रकाशित कार्यक्रममा" भन्ने शब्दहरू राखिका छन् ।

(३) उपदफा (५) मा रहेका "संविधानसभाको सम्पूर्ण सदस्यहरूको बहुमतबाट" भन्ने शब्दहरूको सट्टा "संविधानसभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको बहुमतबाट" भन्ने शब्दहरू राखिएका छन् ।

(४) उपदफा (६) मा रहेका "संविधानसभाको सम्पूर्ण सदस्यहरूको बहुमतबाट" भन्ने शब्दहरूको सट्टा "संविधानसभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको बहुमतबाट" भन्ने शब्दहरू राखिएका छन् ।

(५) उपदफा (६) पछि देहायको उपदफा (६क) थपिएको छ :-

"(६क) उपदफा (२) बमोजिम अध्यक्ष पदमा निर्वाचित गरियोस भनी प्राप्त प्रस्ताव माथि संविधानसभाको निर्णय मत



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विभाजनद्वारा हुनेछ । अध्यक्षको निर्वाचनको लागि निर्धारित दिनको बैठकमा निर्णयार्थ प्रस्तुत भएका कुनै पनि प्रस्ताव संविधानको धारा ७१ को उपधारा (१क) बमोजिम प्राप्त गर्नुपर्ने बहुमतबाट पारित हुन नसकेमा अध्यक्षले सबै प्रस्तावलाई पुनः निर्णयार्थ प्रस्तुत गर्न प्रयोजनको लागि अर्को बैठक बोलाउनु पर्नेछ । यस उपदफा बमोजिमको प्रक्रिया कुनै प्रस्ताव संविधानको धारा ७१ को उपधारा (१क) बमोजिम प्राप्त गर्नुपर्ने बहुमतबाट पारित नभएसम्म जारी रहनेछ ।"

संविधानसभा बैठकबाट पारित मिति : २०६५।४।८

आज्ञाले,
मनोहरप्रसाद भट्टराई
संविधानसभाको कार्यवाहक महासचिव

333



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-
गो.हु.द.नं. १६।०६२।६३

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

334

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।